



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५९ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०४ मंसिर २०८१ Year 32 Vol 04 Nov.–Dec. 2024


## राष्ट्रिय वाणिज्य बैंक अग्रणी बैंक बन्नुपर्छ : उपप्रधान तथा अर्थमन्त्री पौडेल

## प्रादेशिक कार्यालय र शाखा कार्यालयको नवनिर्मित भवन उद्घाटन






**काठमाडौं, १६ मंसिर**

माननीय उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय वाणिज्य बैंकलाई एक नम्बर बैंक बनाउनेगरी कार्य गर्नुपर्ने बताउनुभएको छ। राष्ट्रिय वाणिज्य बैंकको लुम्बिनी प्रादेशिक कार्यालय बुटवल र शाखा कार्यालय बुटवल खस्यौलीको नवनिर्मित भवन शनिबार उद्घाटन गर्नुहुँदै उपप्रधान तथा अर्थमन्त्री पौडेलले वदलिँदो समयसंगै सबै कुराहरुलाई रुपान्तरण गरी अग्रणी बैंक बनाउनुपर्नेमा जोड दिनुभएको हो। उहाँले सरकारको पूर्ण स्वामित्वमा रहेको वाणिज्य बैंकले प्रवाह गर्ने सेवा र दिने सुविधाहरुलाई समय सापेक्ष बनाउँदै प्रत्येक सेवाग्राहीले आफ्नोपनको महसुस गर्नेगरी कार्य गर्न बैंक व्यवस्थापनलाई अनुरोध गर्नुभयो। सेवा विस्तारमा सक्रियताका साथ लागेको बाणिज्य बैंकले सेवा सुधारका विषयमा पनि आफुलाई केन्द्रीत गरेर सेवाग्राहीको बढि रुचाईएको बैंक बनाउन आग्रह गर्नु भएको हो।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिका अध्यक्ष दिलिप कुमार ढुङगानाले नेपालको माटो सुहाउँदो सेवा र सुविधाहरु प्रदान गर्न आफुहरु प्रतिवद्ध रहेको बताउनुभयो। उहाँले कृषि, उर्जा, व्यापार, शिक्षा, स्वास्थ्या, उद्यम व्यवसाय, निर्माण, नविकरणीय उर्जा लगायतका विषयगत क्षेत्र तय गरी लगानी गरिरहेको बताउनुभयो। सहज, छिटो छरितो र सेवाग्राही केन्द्रीत सेवा प्रवाहमा आफुहरु सदैव सजग रहेको स्मरण गराउँदै अगामी दिनमा बैंकका हरेक गतिविधिलाई सूचना प्रविधिसंग जोड्दै लैजाने दावी गर्नु भयो।

यसैगरी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले बैंकले उत्पादनलाई जोड दिँदै कृषि, पर्यटन, उर्जा, साना उद्यम एवम् पूर्वाधार क्षेत्रमा लगानी बढाएको बताउनुभयो। उहाँले वित्तीय साक्षरता, समाजिक समुदायिक कार्यलाई जोड दिँदै नागरिकसँग वाणिज्य बैंकको सम्बन्ध थप सुमधुर बनाउन काम गरिरहेको बताउनुभयो। प्रतिस्पर्धी बजारको माग अनुसार बैंकले सेवा र सुविधाहरुलाई समय सापेक्ष बनाउनुपर्ने आवश्यकतालाई महसुस गरी बैंकले आफ्नो कार्यलाई परिमार्जित रुपमा अगाडि बढाएको बताउनुभयो। साझा प्रतिवद्धताले मात्र समृद्धि सम्भव रहेको स्मरण गराउँदै प्रमुख कार्यकारी अधिकृत खनालले बैंकलाई आजको अवस्थासम्म ल्याउन सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्तै साथ सहयोग भए बैंक उत्कृष्ट बन्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले देशको अर्थतन्त्रमा देखिएको असहज अवस्थाका बावजुद बैंकले आफ्ना सूचकहरुलाई व्यवस्थापन गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान दिइरहेको स्मरण गराउनुभयो।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्यालले ब्याजदरमा अहिले भईरहेको एकल अंकको ब्याजदरलाई स्थीर बनाउन आवश्यक रहेको बताउनुभयो। यसैगरी कार्यक्रममा बुटवल उपमहानगर पालिकाको वडा नं. ४ का वडा अध्यक्ष नरेश्वर पौडेलले आर्थिक अवस्थामा देखिएको चुनौतीहरु पार गर्न राष्ट्रिय वाणिज्य बैंकले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। यसैगरी कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाईले बैंकको सेवा प्रवाहमा सुधारको सुरुवात भईरहेको प्रति खुसी व्यक्त गर्नुभयो। बैंक सञ्चालक समितिका अध्यक्ष दिलिप कुमार ढुङगानाको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन उपकार्यकारी अधिकृत पवन रेग्मीले गर्नुभएको थियो। कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धकहरु, कम्पनी सचिव लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममको पूर्व संध्यामा वित्तीय साक्षरताको लागि प्रभातफेरी कार्यक्रम समेत सञ्चालन गरिएको थियो। ■



# IMF प्रतिनिधि र बैंक उच्च व्यवस्थापनबीच छलफल



**काठमाडौं, २८ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंकको उच्च व्यवस्थापन र IMF प्रतिनिधि बीच बैंकको विभिन्न विषयमा छलफल भएको छ। उक्त छलफमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेश प्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी, रामकुमार थापा, विभागीय प्रमुखहरु, विभागीय उपप्रमुखहरु, कम्पनी सचिव र IMF को तर्फबाट वित्तीय क्षेत्र विज्ञ मनिषा पटेल लगायतको समूह रहेको थियो। बैंकको अपरेशन, व्यवसाय, भुक्तानी व्यवस्थापन, सुशासन, वित्तीय बजार पूर्वाधार, डिजिटलाइजेशन, थोक भुक्तानीमा आवश्यक सहयोग तथा चुनौतीहरु, अन्तरदेश भुक्तानीका चुनौतीहरु लगायतका विषयमा छलफल भएको थियो। ■

# ऋण असुली न्यायाधिकरण सम्बन्धी तालिम प्रदान

**काठमाडौं, ७ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा शाखामा ऋण असुली सम्बन्धी काम गरिरहेका कर्मचारीहरुलाई ऋण असुली न्यायाधिकरण सम्बन्धी तालिम आयोजना गरिएको छ। मंसिर ७ गते केन्द्रीय कार्यालयबाट भर्चुअल माध्यमबाट आयोजना गरिएको तालिममा २९४ जना कर्मचारीको सहभागिता रहेको थियो। बैंकका उपकार्यकारी अधिकृत दुर्गा कुमारी कँडेल तथा विभागीय प्रमुख गायत्री श्रेष्ठको उपस्थितिमा कानून विभागका उपप्रमुख विष्णुप्रसाद कँडेल तथा प्रबन्धक सपना शाहीले ऋण असुली न्यायाधिकरण सम्बन्धी तालिम दिनुभएको थियो। ■

# आरविवि मर्चेन्ट बैंकिङ्को सचेतनामूलक कार्यक्रम




**काठमाडौं, ११ कात्तिक**

धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी देशव्यापीरुपमा शिक्षा तथा सचेतना अभिबृद्धि गरी लगानीकर्ता सशक्तिकरण गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले विश्व लगानीकर्ता सप्ताह-२०२४ (World Investor Week-2024) २०८१, कात्तिक ६ गते देखि १२ गते सम्म देशभरी विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ। यही अवसरमा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडले २०८१ साल कात्तिक ११ गते श्री राम नारायण अयोध्या उच्च मा.वि, पिपरा, महोत्तरी मा +२ तहमा अध्यनरत विधार्थीहरु तथा शिक्षक/ शिक्षिकाहरुको लागि वित्तीय शिक्षा अभिबृद्धिको लागि सचेतनामूलक कार्यक्रम आयोजना गरि सफलतापूर्वक सम्पन्न गरेको छ। उक्त सचेतनामूलक कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड पिपरा शाखाका प्रमुख सन्तोष कुमार ठाकुर र शाखाका कर्मचारी भगवान् चौधरी तथा श्री राम नारायण अयोध्या उच्च मा.वि, का अध्यक्ष लक्ष्मण मण्डल, सहायक प्रधानाध्यापक सुजय कुमार राय लगायत अध्यनरत विधार्थीहरु तथा शिक्षक/शिक्षिकाहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट कम्पनीको प्रमुख कार्यकारी अधिकृत बद्रिप्रसाद प्याकुरेल, बरिष्ठ प्रबन्धक अजय घिमिरे र अधिकृत राम नारायण तिवारीले कार्यक्रममा मन्तव्य व्यक्त गर्नु भएको थियो। साथै, छलफलमा उठेका प्रश्नहरुको जवाफ अजय घिमिरे तथा राम नारायण तिवारीले दिनुभएको थियो। (World Investor Week-2024) को अवसरमा आयोजित यस कार्यक्रमले पुँजीबजार सम्बन्धी शिक्षा तथा सचेतना अभिबृद्धि गर्नेछ र सहभागीहरुले शेयर लगानी सम्बन्धि ज्ञान हासिल गरी लाभान्वित हुनेछन् भन्ने विश्वास गरिएको छ। आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शत् प्रतिशत लगानीमा स्थापित संस्था हो। ■

# बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत राहत बितरण

**काठमाडौं, ११ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय शेराबजारद्धारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आठ बण्डल जस्तापाता वितरण गरेको छ। गत बैशाख ९ गते बागलुङ नगरपालिका वडा नं १२ अमलाचौर, डाँडाखेत स्थित सामुदायिक वनमा लागेको भीषण आगलागी अनियन्त्रित भई बस्तीमा पस्दा स्थानीय यदुनाथ पाध्या र दधिराम पाध्या को घर-गोठ जलेर पूर्ण रुपले नष्ट भएको थियो। उक्त कार्यक्रममा जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा, बागलुङ नगरपालिका वडा नं १२ का अध्यक्ष कोपिलामणि शर्मा, जैमिनी न.पा वडा नं. १ का वडा अध्यक्ष बिष्णुप्रसाद आचार्य, बैंकका गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक पुष्पचन्द्र थापा, शाखा कार्यालय शेराबजारकी शाखा प्रबन्धक शोभा आचार्य लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■



# ऊर्जा दक्षता प्रवर्द्धनको निमित्त अनुदान योजनाको शुभारम्भ

**काठमाडौं, ६ मंसिर**

नवीकरणीय ऊर्जा तथा उर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जा मार्फत पुर्नप्राप्ति एवं सशक्तिकरण (Renewable Energy and Energy Efficiency Prgoramme – Green Recovery and Empowerment with Energy in Nepal (REEEP-GREEN) कार्यक्रम अन्तर्गत नेपालमा उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताको प्रवर्द्धन निमित्त एक अनुदान योजना प्रारम्भ भएको छ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड व्यवस्थापक रहेको यस अनुदान योजनाको प्रमुख उद्देश्य, उद्योग तथा व्यवसायहरूलाई ऊर्जा दक्षताका उपायहरु अवलम्बन गर्न प्रोत्साहन गर्नु हो। यस पहलको प्रमुख उद्देश्य उद्योग तथा व्यवसायहरुमा ऊर्जाको दक्ष उपयोग वाट ऊर्जा खपतमा कमी ल्याई नेपालमा दिगो औद्योगिक विकासलाई बढावा दिनुको साथमा कार्वन उत्सर्जन घटाउनु समेत हो।

यस पहल अन्तर्गत ऊर्जा परिक्षकवाट सिफारिस भएका ऊर्जा



दक्षताका उपायहरु कार्यान्वयनमा प्रोत्साहन दिन राष्ट्रिय वाणिज्य बैंक मार्फत आंशिक अनुदान उपलब्ध गरिने छ । अनुदान संचालन निर्देशिका अनुसार आशिंक अनुदान, ऊर्जा दक्षताका उपायहरुमा कुल आवश्यक लगानीको एक निश्चित प्रतिशत हुनेछ । अनुदानको निमित्त योग्य हुन उद्योग व्यवसायहरुले मर्यादित कामका सिद्धान्त तथा वातावरणीय मापदण्डहरु समेत अबलम्बन गरेको हुनुपर्नेछ। यस पहलले उद्योग तथा व्यवसायहरूमा ऊर्जा दक्षताका उपायहरु अवलम्बन गर्दा देखिने वित्तिय समस्यालाई सम्बोधन गरी ऊर्जा दक्षताका प्रविधिहरुमा लगानी गर्न उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । यसरी यस पहल मार्फत ऊर्जा दक्षताको महत्वपूर्ण पक्ष मानिने ऊर्जा लागतमा कटौतीका साथै पर्यावरणीय लाभ तथा विदेशी विनिमयको संचितीमा समेत टेवा पुग्ने देखिन्छ।

साथै, यस अनुदान योजनाको शुरुआतले नेपालको औद्योगिक र व्यावसायिक क्षेत्रमा ऊर्जाको दक्ष प्रयोगमा रहेको सचेतना एवं कार्यान्वयन बीचमा रहेको खाडल पुर्नका लागि महत्वपूर्ण कदम हुनेछ । यसले दिगो ऊर्जा अभ्यासलाई बढावा दिन, चक्रिय अर्थतन्त्रका सिद्धान्तलाई एकिकृत गर्न र उद्योग तथा व्यवसायहरूमा मर्यादित कामको अभ्यासलाई समेत प्रोत्साहित गर्नेजस्ता व्यापक लक्ष्यलाई समेट्छ । यस अनुदान पहलको शुभारम्भले नेपालको स्थायी ऊर्जा समाधान प्रतिको प्रतिवद्धतालाई रेखांकित गर्नेछ, जसले उद्योगहरूलाई ऊर्जा संरक्षण, जलवायु-अनुकुल अभ्यासमा योगदान पुऱ्याउन तथा मर्यादित कामका सिद्धान्त अवलम्बन गर्न व्यावहारिक मार्ग प्रदान गर्नेछ।

जर्मन संघीय आर्थिक सहयोग तथा बिकास मन्त्रालय (बिएमजेड) तथा युरोपियन युनियनको आर्थिक सहयोगमा ऊर्जा, जलस्रोत र सिंचाई मन्त्रालयद्वारा संचालित यस REEEP–GREEN कार्यक्रममा जर्मन विकास सहयोग-जिआईजेडले प्राविधिक सहयोग पुऱ्याउदै आएको छ । नेपालमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका पहलहरूलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने नियामक, संस्थागत संरचना एवं नीजि क्षेत्रको सहभागिताको निमित्त उचित स्थिति निर्माण गर्ने तथा ऊर्जाको दिगो उपयोग तथा उत्पादनलाई बढावा दिने उद्देश्य रहेको यस कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले उद्योग तथा व्यवसायहरुमा ऊर्जा प्रवर्द्धनको निमित्त उपलब्ध हुने अनुदानको व्यवस्थापन गर्दछ। ■

# राष्ट्रिय वाणिज्य बैंकका मर्चेन्टहरुले नेपाल पे क्युआर मार्फत क्रसबोर्डर भुक्तानी प्राप्त गर्न सक्ने

**काठमाडौं, २४ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नेपाल पे क्युआर मर्चेन्टहरुलाई खुसीको खबर । राष्ट्रिय वाणिज्य बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड(नेपाल पे) बीच भएको सम्झौता अनुसार विश्वका करिब ४८ देशहरुँग आबद्धता रहेको अलिपे प्लसको नेटवर्क मार्फत नेपालमा क्रसबोर्डर भुक्तानी प्राप्त गर्न सकिने भएको छ। सम्झौता अनुसार नेपाल क्लियरिङ

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

हाउसले यसको सहजीकरण गर्नेछ। यसबाट नेपाल पे क्युआर लिएका यस बैंकका मर्चेन्टहरुले अब आफ्नो व्यापारलाई अझ बृद्धि गर्न सक्ने भएका छन्।

नेपाल पे क्युआर हाल सम्म नलिएका ग्राहकहरुले आफ्नो खाता भएको शाखामा सम्पर्क गरी यस्तो सुबिधा प्राप्त गर्न सक्नेछन । खासगरी चीन, थाईल्याण्ड, हङकङ, मलेसिया, ईन्डोनेसिया, फिलिपिन्स, मंगोलिया, दक्षिण कोरिया, स्विडेन तथा ईटली लगायत अलिपे प्लस नेटवर्कमा आवद्ध देशहरुबाट आएका पर्यटकहरुले आफ्नो देशको विभिन्न वालेट मार्फत रकम भुक्तानी गर्न सक्नेछन । यस्तो कारोवारबाट विदेशीले नेपालमा सहजै रकम भुक्तानी गर्न सक्ने हुँदा डिजिटल कारोवारमा बृद्धि भई अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गरिएको छ। ■

# आईटी फोकलहरूलाई तालिम प्रदान

**काठमाडौं, ११ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा वागमती प्रदेश अन्तर्गतका विभिन्न शाखामा कार्यरत आईटी फोकल तथा एटिएम फोकल कर्मचारीहरु भोकेशनल तालिम आयोजना गरिएको छ । मंसिर ९ देखि ११ गतेसम्म दरबारमार्गमा आयोजना गरिएको तालिममा ३४ जना कर्मचारीको सहभागिता रहेको थियो । नेटवर्क व्यवस्थापन, नोट काउन्टिङ्ग/सटिङ्ग उपकरण, सिसिटिभी, कम्प्युटर हार्डवयर, पावर व्यवस्थापन, प्रिन्टर जडान, ट्रबलसुटिङ्ग, एटिएम तथा नगद व्यवस्थापन, डिस्प्युट, हिसाब सेटलमेन्ट, मोवाइल बैंकिङ्ग, क्युआर, वालेट, युपिआई-एससिटि कार्ड व्यवस्थापन, कार्ड व्यवस्थापन सम्बन्धी तालिम बैंकका विभागीय उपप्रमुखहरु गगनसिंह घिमिरे, हेमन्त जिसी, प्रबन्धकहरु आनन्द चौधरी, प्रभु ढुङ्गाना, राजेश मोक्तान, सहायक प्रबन्धक बुद्धिविनोद भट्टराईले प्रशिक्षण दिनुभएको थियो । ■

## ब्राञ्च प्रोफाइल

(आ.व. २०७९।०८० मा ख वर्गका शाखा कार्यालयहरु मध्येबाट द्वितीय)

### शाखा कार्यालय नारायणगढ (१६२)



निक्षेप = रु. २,१८,३१,४३,३७२।०३
कर्जा = रु.२,६६,६८,२०,६१४।८१
नाफा/नोक्सान = रु. ८,४६,८५,८०२।७९
एनपिए : २.१६ प्रतिशत
कर्मचारी संख्या = १३ जना
शाखा प्रबन्धक: रोमप्रसाद सिलवाल

**सफलताको रहस्य :**

सदैब ग्राहक तथा सेवाग्राही प्रति जिम्मेबारी पूर्वक गुणस्तरीय सेवा प्रवाहमा दत्तचित्त हुँदै कर्मचारीहरु बीच सुमधुर सम्बन्ध तथा समन्वयमा सामुहिक कार्यसम्पादन । ■




## समवेदना

यस बैंकका शा.का. तुलसीपुरमा कार्यरत शाखा प्रबन्धक विनोद पाण्डे (११०६८) का पिता हेमन्तकुमार पाण्डे, शाखा कार्यलय मौलापुर मा कार्यरत नगद सहायक भरत गिरी (११९९९) का पिता प्रेमबहादुर गिरी, शा.का.विजुवारमा कार्यरत सहायक सन्तोष चौधरी (१३८०९) का पिता रामलखन चौधरी, शा.का. मान्ममा कार्यरत सहायक प्रबन्धक लक्ष्मण राय (१२११४) की माता शिलादेवी राय, के.का. मानव संशाधन विभागमा कार्यरत सहायक प्रबन्धक मनिषा सिजापती (१२५३४) की सासु मनमाया पाण्डे, शाखा कार्यलय नलगाडमा कार्यरत नगद सहायक जगदिश चौधरी (१३८३०) की माता तिल्की थरुनी, प्रा.का.वागमतीमा कार्यरत उपप्रबन्धक जुनेश आचार्य (१२२३७) की माता इन्दु आचार्य, प्रा.का.वागमतीमा कार्यरत सहायक प्रबन्धक रबिन खड्का (१४०२६) का पिता नवराज खड्काको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोन: ०१-५७२१२२०, Ext. २४२३
ई-मेल: rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**पवन रेग्मी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**